**अनुसूची- २**
(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

भजनी नगरपालिका , कैलाली

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : ४ प्रमाणिकरण मितिः२०८०/०२/०८ प्रकाशन मितिः२०८०/०२/०८

## भाग - २

### सुरक्षित आवासगृह (सेफ हाउस) संचालन कार्यविधि,२०७९

**प्रस्तावना**:- भजनी नगरपालिका भित्र बसोवास गर्ने हिंसामा परी जीउ ज्यान बचाउन असहज परिस्थितिमा रहेका महिला तथा वालिकाहरुलाई सुरक्षित आवास गृह (सेफ हाउस) सेवा प्रदान गर्न आवास गृह संचालन तथा व्यवस्थापन व्यवस्थित र प्रभावकारी रुपमा गर्ने उद्देश्यले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) बमोजिम यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) कार्यविधिको नाम "सुरक्षित आवासगृह ( सेफ हाउस) संचालन कार्यविधि, २०७९" हुनेछ ।

(२) यो कार्यविधि भजनी नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात तुरुन्त लागु हुनेछ ।

२.**परिभाषा:-** यस कार्यविधिमा विषय र प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "सुरक्षित आवासगृह (सेफ हाउस)" भन्नाले भजनी नगरपालिका भित्र बसोवास गर्ने असहाय हिंसा पीडित महिला तथा बालिकालाई सुरक्षित एवं ब्यवस्थित ढंगले राख्न यो कार्यविधि बमोजिम तोकिएको घर तथा कम्पाउण्डलाई सम्झनु पर्दछ ।

(ख)"नगरप्रमुख" भन्नाले भजनी नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ग) "उप-प्रमुख" भन्नाले भजनी नगरपालिकाको उप–प्रमुखलाई सम्झनु पर्दछ ।

(घ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भजनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठन हुने समितिलाई जनाउँछ ।

(च) "महिला, किशोरी र बालिका "भन्नाले हिंसा पिडीत भएका असहाय महिला र बालिकाको हकमा १८ वर्ष उमेर सम्मका असहाय हिंसा पीडित वालिकालाई जनाउँछ ।

(छ) “जोखिममा रहेका” भन्नाले हिंसा परेका महिला तथा बालिकालाई यथास्थानमा राख्दा जिउज्यानमा असर पर्न सक्ने अवस्थालाई सम्झनु पर्दछ ।

(ज) “निकाय” भन्नाले हिंसा पीडित महिला तथा बालिकाहरुलाई आर्थिक सहयोग,उपचार,शारीरिक, कानूनी उपचार,क्षमता अभिवृद्धि, सिपमुलक तालिम प्रदान गर्ने सरकारी कार्यालय वा साझेदारी निकायलाई सम्झनु पर्ने छ ।

(झ) “कार्यालय” भन्नाले भजनी नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ट) "बालक" भन्नाले हिंसा पिडित महिलाले स्तनपान गराउने ५ बर्ष मुनिको बालक सम्झनु पर्दछ।

(ठ) "संरक्षित व्यक्ति" भन्नाले सुरक्षित आवासगृह (सेफ हाउस)मा रहेका उपदफा (च) बमोजिमको व्यक्तिलाई सम्झिनु पर्छ।

## परिच्छेद- २

## व्यस्थापन समिति सम्बन्धि व्यवस्था

**३.ब्यवस्थापन समिति :**(१) असुरक्षित महसुस गरी न्याय माग्न आउने महिला तथा बालिकाहरुलाई सुरक्षित आवासगृहमा सुरक्षित तवरले तोकिएको समय सम्म राख्न र तत् सम्वन्धी आवश्यक ब्यवस्था गर्न एक सुरक्षित आवासगृह ब्यवस्थापन समिति देहाय बमोजिम गठन गरिने छ ।

क) नगर उप–प्रमुख — संयोजक

ख) सेफ हाउस स्थापना भएको वडाका वडा अध्यक्ष — सदस्य

ग) नगर कार्यपालिका सदस्य मध्येबाट नगर प्रमुखले तोकेको १ जना सदस्य

घ) संयोजकले तोकेको महिला वडा सदस्य मध्ये १ जना — सदस्य

ङ) प्राथमिक स्वास्थ्य केन्दको प्रमुख — सदस्य

च) ईलाका प्रहरी कार्यालयका प्रमुख — सदस्य

छ) आवासगृह संचालनमा सहयोग गर्ने संस्थाहरु मध्येबाट समितिले तोकेको १ जना सदस्य

ज)महिला तथा बालबालिका बिषयमा नगर क्षेत्र भित्र काम गर्ने गैर सरकारी सस्थाहरु मध्येबाट संयोजकले तोकेको१ जना सदस्य

झ) महिला तथा बालबालिका शाखा प्रमुख — सदस्य- सचिव

(२) समितिको वैठक आवस्यकता अनुसार तथा आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) को (छ) र (ज) बमोजिमको सदस्यहरुको पदाबधि ३ बर्षको हुनेछ ।

४. **समितिको काम, कर्तब्य र अधिकार** : सुरक्षित आवासगृह ब्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :-

(क) भजनी नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने जोखिममा रहेका हिंसा पिडीत महिला तथा बालिकाहरु पहिचान गरी आवास गृहमा राख्ने ब्यवस्था गर्ने ।

(ख) सुरक्षित आवास गृह सञ्चालन व्यवस्थापनका लागि प्राप्त भएको रकम र कार्य प्रगती प्रतिवेदन तयार पारी दुई मासिक रुपमा नगरपालिका कार्यालयमा बुझाउने ।

(ग) सुरक्षित आवास गृहको सुरक्षा ब्यवस्थाको अनुगमन र नियमन कार्य गर्ने ।

(घ) महिला तथा बालिकाको स्वास्थ्य सुरक्षा र कानूनी सहायता सम्वन्धी कार्य गर्ने ।

(ङ) सेफ हाउसमा रहेका पीडितहरुको क्षमता विकास सम्बन्धि तालिम संचालनका लागी आवश्यक प्रबन्ध गर्ने ।

(च) नगर सभाबाट तोकिएको मापदण्ड अनुसार खर्च गर्ने सम्बन्धि निर्णय गर्ने ।

(छ) जोखिममा रहेका हिंसा पिडीत महिला तथा बालिकाहरुको हित, स्वास्थ्य तथा कानूनी उपचारका लागि अन्य सहयोगी निकायमा आवश्यकताका आधारमा सिफारिस गर्ने ।

(ज) सुरक्षित आवास गृह संचालनमा सहजता प्रदान गर्न बजेट र कार्यक्रमको परीधिभित्र रही कर्मचारी व्यवस्था गर्न वा कुनै निकायबाट जनशक्ति प्राप्त हुने भएमा प्राप्त गर्न कार्यपालिकालाई सिफारिस गर्ने ।

(झ) सेफ हाउस संचालन व्यवस्थापनको लागि समितिले संघ संस्थासंग आवश्यक सहकार्य गर्न सक्नेछ ।

(ञ) अन्य काम कर्तव्य र अधिकार कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३

## आवास गृहको न्युनतम मापदण्ड तथा सेवा

**५. न्यूनतम मापदण्ड :** सुरक्षित आवासगृह (सेफ हाउस) मा देहायको मापदण्ड हुनुपर्ने छ ।

**(१) आवास गृह परिसर अन्तर्गत :-**

(क) कोही प्रवेश गर्न नसक्ने गरी चारैतिर अग्लो पर्खाल वा तारबारले घेरिएको,

(ख) आवास परिसर भित्र गृह अनुसारको खुल्ला ठाउँ रहेको,

(ग) आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्धार भएको,

(घ) सुरक्षाको दुष्टिकोणले उपयुक्त स्थान ।

**(२) आवास गृहमा रहने सुविधाः**

(क) दुबैपट्टि झ्याल राखिएका वा हावा ओहोरदोहोर हुन सक्ने कोठाहरु भएको ,

(ख) प्रत्येक व्यक्तिका लागि छुट्टाछुट्टै खाटको व्यवस्था भएको ,

(ग) अवस्था अनुसार किशोरी/बालिकाको लागि अलग्गै कोठा हुनु पर्नेछ,

(घ) मनोसामाजिक विमर्श (Psycho-social Counseling)का लागि छुट्टै कक्ष हुनुपर्ने

(ङ) मनोरञ्जन, अन्तरक्रिया लागि साझा कक्ष (Common Room)हुनुपर्ने

(च) शौचालय तथा स्नान कक्ष

(छ) साझा टेलिभिजन

ज) मौसम हेरी पंखा वा हिटर

झ) स्वच्छ खानेपानी

ञ) सुरक्षाका लागि आवश्यकता अनुसार पाले पहरा ।

(३) **दैनिक खानेकुराः** दैनिक खानेकुराको व्यवस्था गृहभित्र नै देहाय बमोजिम गर्नुपर्नेछ ।

क) विहान चिया सँगै हल्का खाजा,

ख) दिउँसो खाना,

ग) अपरान्ह पूर्ण खाजा सँगै चिया,

घ) बेलुकी खाना,

ङ) मांसाहारीका लागि हप्तामा एकपल्ट माछा वा मासु तथा शाकाहारीहरुको हकमा दुध, दही, पनिर वा फलफुल ।

(४) सेफ हाउसको सामाजिक बातावरण :

क) प्रभावित महिलालाई ममतामय, सहानुभुतिपूर्ण एवं सम्मानजनक व्यवहार गरिनेछ,

ख) प्रभावित महिलाको पहिचानको आबश्यकता अनुसार गोपनियता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरितको कुनै पनि कार्य गर्न बाध्य पारिने छैन,

ग) आवास गृहमा अनुमति प्राप्त चिकित्सक, कर्मचारी, सफाईकर्मी लगायतका अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश गर्न मनाही हुनेछ,

घ) सेफहाउसको व्यबस्था सम्बन्धी जानकारीमुलक सूचना बोर्ड तयार गरी राख्नुपर्नेछ ।

६. **आवास गृहबाट प्रदान गरिने सेवाहरु :** (१) स्वास्थ्योपचार सेवा : सुरक्षित आवास गृह (सेफ हाउस) मा देहायको स्वाथ्य उपचार सेवाको सुनिश्चिता गर्नुपर्ने छ ।

(क) प्राथमिक उपचार बाकसको व्यवस्था,

(ख) समस्या हेरी नियमित उपचार चेकजाच तथा उपचार सेवा,

(ग) आकस्मिक उपचार सेवा ,

(घ) बालबालिकाको हकमा उमेर अनुसार लगाउनु पर्ने खोप सेवा ।

(ङ) हिंसा प्रभावित महिला, किशोरी तथा बालबालिकाहरू गृहमा रहदा कुनै जटिल स्वाथ्य समस्या भई नगरपालिकाको स्वास्थ्य संस्थाहरुमा उपचार गराउन नसकिने अवस्थामा समितिले अन्य स्थानका स्वास्थ्य संस्थालाई सिफारिस गर्ने ।

(२) मनोसामाजिक विमर्श सेवा :तालिम प्राप्त मनोसामाजिक विमर्शकर्ता (Counselior) बाट देहाय बमोजिम सेवा प्रदान गरिनेछ ।

(क) संरक्षित व्यक्ति प्रत्येकलाई हप्तामा एकपल्ट नियमित मनोसामाजिक सेवा,

(ख) संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा,

(३) कानूनी परामर्श सेवा : संरक्षित व्यक्ति लाई प्रचलित कानून बमोजिमको हक तथा न्याय प्राप्त गर्न थप कानुनी उपचार आवश्यकता देखिएमा निजलाई निशुल्क आवश्यक कानुनी परामर्श सेवा प्रदान गर्नु पर्नेछ ।

(४) आवासगृहमा रहेका पीडितहरुलाई मनोरन्जन तथा ज्ञान विकासका लागि पुस्तक, लेख रचना दैनिक पत्रपत्रिकाहरु, टेलिभिजनको व्यवस्था रहने छ ।

(५) अन्य सेवा: संरक्षित व्यक्तिको अवस्था हेरी एक जोर चप्पल र एकसरो लगाउने लुगा उपलब्ध गराउन सकिने छ साथै समितिले आवश्यकता महसुस गरी सिफारिस भई कार्यपालिकाबाट स्वीकृत गरेका अन्य सेवाहरु ।

## परिच्छेद-४

## बजेट श्रोत तथा खर्च सम्बन्धि व्यवस्था

७. **बजेटको व्यवस्था :** सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापन गर्न देहायको श्रोतबाट बजेटको व्यवस्था गरिने छ ।

(क) सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापनको लागि नगर सभाबाट विनियोजित बजेट

(ख) विभिन्न संघ सस्था तथा दातृ निकाय बाट प्राप्त अनुदान रकम

(ग) अन्य सहयोगी दाताहरुबाट प्राप्त जिन्सी तथा सहयोग रकम

८. **खर्च गर्ने आधारहरु :**(१) सेफहाउस सञ्चालनको लागि विनियोजीत रकमको परिधि भित्र रही घर भाडा, मालसामान, औषधोपचार, कानूनी उपचार, फिर्ता सम्प्रेषण, खानेकुरा, मनोसामाजिक विमर्श, संचार, यातायात, कर्मचारी पारिश्रमिक, कार्यालय सामग्री, सिपमुलक तालिम लगायत अन्य भैपरी आउने खर्चहरु समेत गर्न सकिनेछ । उक्त रकम समितिको निर्णय अनुसार स्विकृत गरी लागु हुनेछ ।

(२)सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापनमा दफा ७ (ख) र (ग) बमोजिम प्राप्त रकम खर्च गर्दा समितिको सिफारिसबाट कार्यपालिकाको निर्णय बमोजिम गर्नु पर्नेछ ।

## परिच्छेद-४

## पुनःस्थापना तथा अनुदान

९. **जिबिकोपार्जन तथा सिप विकास तालिम :** (१)लामो समयसम्म सुरक्षित आवास गृहमा बस्नु पर्ने अवस्थाको संरक्षित व्यक्तिलाई गृहमा रहदाँ निजलाई जिबिकोपार्जन सम्बन्धि सिप विकास तालिम प्रदान गर्न सकिनेछ|

(२) समितिले संरक्षित व्यक्तिको थप क्षमता बिकास तथा आय आर्जनको लागी सरोकारवाला तथा सम्बन्धित निकायमा समन्वय र सिफारिस गर्न सक्नेछ ।

(३)अन्य पालिकाका असहाय हिंसापीडीत महिला तथा बालिकाको हकमा आवास गृहमा रहदासम्म लाग्ने खर्च सम्बन्धीत पालिकाले व्यवस्था गर्ने सुनिश्चितता सहितको सिफारिस भई आएमा आवासगृहमा राख्न सकिनेछ । यसरी हुन गएको खर्च रकम सम्बन्धित पालिकाले भुक्तानी गर्नु पर्ने छ ।

तर आपतकालीन अवस्थाको पिडित महिलालाई अवस्था हेरी बढीमा ५ दिनसम्म आवास गृहमा राख्न सकिने छ ।

१०. **पुनर्मिलन तथा सामाजिक पुनर्स्थापना :**(१) सुरक्षित आवास गृहव्यस्थापनमा खटिएका कर्मचारी, समितिले सुरक्षित व्यक्तिको अभिभावक तथा आफन्तसँग छलफल, परामर्श गरि निजलाई तत्काल घर फर्किने वातावरण सिर्जना गर्नु पर्ने छ ।

(२)उपदफा १ बमोजिम छलफल गरि पुनर्मिलनको वातावरण सिर्जना भएमा पालिकाका जनप्रतिनिधी र समितिको रोहरवरमा अभिभावक तथा आफन्तलाई जिम्मा लगाई घर फिर्ता गरिने छ ।

(३) उपदफा २ बमोजिम संरक्षित व्यक्ति घर फिर्ता भएमा निजलाई जिविकोपार्जन अनुदानको लागि व्यवस्थापन समितिको निर्णय अनुसार बिउपुँजी अनुदान स्वरूप बढीमा २५,०००/- (पच्चिस हजार) रकम उपलव्ध गराउन सकिनेछ।

परिच्छेद-५

विविध

**११.समन्वय** : पीडित बालिका भएमा बालवालिकाको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थासंग समन्वय गरी उचित सेवा सुविधाको व्यवस्था गर्ने प्रयास गरीने छ ।

**१२.अनुमति लिनुपर्ने** :(१) आवासगृहमा बसेका पिडितलाई भेट्न आउने व्यक्तिले पिडितको स्वीकृति भएमा मात्र भेट्न पाउनेछ । यसरी भेट्न आउने व्यक्तिले कार्यालय समय भित्र आवासगृहका कर्मचारीलाई जानकारी गराई अनुमति लिनु पर्नेछ ।

(२) आवासगृहमा सरोकारवाला बाहेक अन्य पुरुषहरुको प्रवेश निषेध गरिने छ र पिडित महिला कुनै कारण वस आवासगृह बाहिर जानु परेमा आवासगृहका कर्मचारीको अनुमती लिनुपर्नेछ र सकेसम्म आवासगृहका कर्मचारीलाई संगै लैजानु पर्नेछ ।

(३) आवासगृहमा बसेको व्यक्ति सम्वन्धित घटनाको विषयमा निश्चित फैसला नभए सम्म आवासगृह संचालन गर्ने संस्थाको निगरानीमा रहने छ । निगरानीमा रहुन्जेल सम्म घर जाने आउने वा वाहिर गई बस्ने र फेरी सुरक्षा केन्द्रमा फर्कने गर्न पाईने छैन । पिडित संग भएको पैसा, मोवाइल लगायत अन्य सामानहरु संस्थाले सुरक्षित राख्नेछ ।

**१२. अभिलेख सम्बन्धि व्यवस्था** :सुरक्षित आवासगृह संचालन तथा ब्यवस्थापनमा खटिएका कर्मचारीले देहाय बमोजिम अभिलेख राख्नुपर्नेछ ।

१) प्रभावित महिलाको नाम दर्ता किताब ।

२) संरक्षित व्यक्तिको दैनिक हाजिरी किताब ।

३) प्रभावित महिलाको व्यक्तिगत गोप्य फायल ।

४) सुरक्षित आवासगृह ब्यवस्थापन समितिको निर्णय किताब |

६) स्वास्थ्य उपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवा पिच्छे लगत ।

७) गृहमा सिर्जना भएका अन्य अभिलेखहरु ।

**१३. यसै बमोजिम भएको मानिने** :यो कार्यविधि लागू हुनु अगाबै यो विषयसंग सम्वन्धि भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

१४. **बाधा अड्काउ फुकाउ** : यस कार्यविधिको कार्यान्वयमा कुनै बाधा अड्काउ उत्पन्न भएमा नगर कार्यपालिकाले फुकाउ गर्न सक्नेछ ।

आज्ञाले,
नोखिराम ओली
प्रमुख प्रशासकीय अधिकृत